

# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३० अंक २ | कार्तिक – पुस २०७९ | Year 30 Vol 2 | Nov. 2022 - Jan. 2023

## राष्ट्रिय वाणिज्य बैंक लि.को १७औं वार्षिक साधारण सभा सम्पन्न

# १२.५० प्रतिशत लाभांश पारित

**काठमाडौं, २८ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पुस २८ गते काठमाडौंमा १७ औं वार्षिक साधारणसभा सम्पन्न भएको छ। साधारणसभाले १२.५० प्रतिशत लाभांश(नगद ७.५०% र बोनस शेयर ५%) सहितको आ.व. २०७८/०७९ को वार्षिक प्रतिवेदन र विभिन्न प्रस्तावहरु पारित गरेको छ । साधरणसभाले चुक्ता पुँजीको ७.५० प्रतिशतका दरले हुन आउने एक अर्ब चार करोड ५५ लाख रुपैया नगद र ५ प्रतिशतले हुन आउने ६९ करोड ७० लाख रुपैया बरावरको बोनस शेयर शेयरधनीहरुलाई प्रदान गर्ने निर्णय पारित गरेको छ। यसपछी बैंकको कुल चुक्ता पुँजी १५ अर्ब ६३ करोड रुपैया हुने छ।



बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकको अध्यक्षतामा सम्पन्न सो वार्षिक साधारणसभामा अध्यक्ष डा.पाठकले कोभिड-१९ पछिको अर्थतन्त्रलाई पुनरुत्थान गर्न नेपाल राष्ट्र बैंक तथा सरकारको नीति नियमलाई प्राथमिकताका साथ पालना गरिने बताउनुभयो । उहाँले बदलिदो परिवेश र ग्राहकको चाहनाअनुरुप यस बैंकले आफ्ना सेवा प्रवाहलाई थप परिस्कृत गरी प्रभावकारी र कार्यकुशलतामा अभिवृद्धि ल्याउन Business Preocess Re-engineering, सम्पत्ति उपयोगिता योजना, हिसाब मिलान एवं लागत नियन्त्रण परियोजना कार्यक्रम, निष्कृय कर्जा र गैर बैंकिङ्ग सम्पत्तिहरुको उचित व्यवस्थापन, सुचना प्रविधिलाई समय सापेक्ष सुदृढिकरण गर्ने सम्बन्धी कार्यलाई समावेश गरी योजनाबद्ध रुपमा अगाडि बढाइएको बताउनुभयो ।

साधारणसभामा बैंकका शेयरधनीहरु क्रमश: नेपाल सरकार अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालय, संस्कृति, पर्यटन तथा

थप समाचार पृष्ट ६ ▶▶

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको

# ५८ औं वार्षिकोत्सव मनाइदैं

**काठमाडौं, ३० पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको ५८ औं वार्षिकोत्सव समारोह सफलतापूर्वक मनाउन बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको संयोजकत्वमा ३६ सदस्यीय मुलसमारोह समिति गठन गरिएको छ। वार्षिकोत्सवलाई सम्पन्न गर्नको लागि विभिन्न कार्य सम्पादन उपसमितिहरु समेत गठन गरेको छ । नायब प्रमुख कार्यकारी अधिकृत देबेन्द्ररमण खनालको संयोजकत्वमा प्रकाशन तथा प्रचार प्रसार उपसमिति गठन गरिएको छ । नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीको संयोजकत्वमा अतिथि सत्कार उपसमिति गठन गरिएको छ । त्यस्तै उपकार्यकारी अधिकृत देवेशप्रसाद लोहनीको संयोजकत्वमा मञ्च व्यवस्थापन उपसमिति गठन गरिएको छ। उपकार्यकारी अधिकृत पवन रेग्मीको संयोजकत्वमा प्रभातफेरी र क्लिन आरविवि कार्यक्रम उपसमिति गठन गरिएको छ । त्यस्तै उपकार्यकारी अधिकृत विमल डंगोलको संयोजकत्वमा खेलकुद उपसमिति गठन गरिएको छ। यसैगरी उपकार्यकारी अधिकृत विनयरमण पौडेलको संयोजकत्वमा रक्तदान उपसमिति तथा उपकार्यकारी अधिकृत दुर्गाकुमारी कँडेलको संयोजकत्वमा व्यवसाय प्रवर्द्धन उपसमिति गठन गरिएको छ । विश्वभरी महामारीको रुपमा फैलिएको कोभिड-१९ को कारण गतवर्षको वार्षिकोत्सव मुल समारोह कार्यक्रम प्रविधिको प्रयोग गरी भर्चुअल विधिबाट आयोजना गरिएको थियो ।

थप समाचार पृष्ट ५ र ६ ▶▶

# राष्ट्रिय वाणिज्य बैंकद्वारा दुई सय जना नवनियुक्त अधिकृतहरुलाई पूर्व सेवाकालिन तालिम प्रदान




**काठमाडौं, २६ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले लोक सेवा आयोगबाट सञ्चालित लिखित परीक्षा तथा अन्तरवार्ताबाट प्रदेशगत रुपमा छनौट भएका दुई सय जना नवनियुक्त अधिकृतहरुलाई दश दिने पूर्व सेवाकालिन तालिम काठमाडौंमा सञ्चालन गरेको छ ।

तालिमको उद्घाटन गर्दै बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंक रुपान्तरणको प्रक्रियामा रहेकाले प्रतिस्पर्धी बजारमा बैंकले लिएको रणनीति कार्यन्वयनमा यो ठूलो संख्याको जनशक्तिको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले विभिन्न प्रक्रिया पश्चात बैंकले एकपटक ठूलो संख्यामा युवा अधिकृतहरुलाई नियुक्ति दिएर बैंकिङ्ग क्षेत्र मार्फत देश र नागरिकको सेवा गर्ने अवसर प्रदान गरेको बताउनुभयो । उहाँले अरु छ सयभन्दा बढी सहायक स्तरका कर्मचारीहरुको भर्ना प्रक्रिया छिट्टै पूरा भएपछी बैंकको उत्पादकत्व बढ्ने बताउनुभयो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले नवनियुक्त सहायक प्रबन्धक, तह ६ र उपप्रबन्धक, तह ७ का जम्मा दुईसय जना अधिकृतहरुलाई बैंकको कर्मचारी सेवा विनियमावली बमोजिम शपथ गराउनु भएको थियो ।

कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरेले नवनियुक्त अधिकृत कर्मचारीहरुलाई बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । ट्रेजरी, नगद व्यवस्थापन, प्रभावकारी सञ्चार, ग्राहकसेवा, संस्थागत सुशासन, डिजिटल बैंकिङ्ग, सुचना प्रविधि, कर्जा लगानी, असुली, सुनचाँदी, इसीसी/आईपीएस, रेमिट्यान्स, खाता सञ्चालन आदि विषयमा नवनियुक्त कर्मचारीहरुलाई तालिम प्रदान गरिएको थियो ।






## ज्ञान व्यवस्थापन सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २३ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा ज्ञान व्यवस्थापन सम्बन्धी तालिम काठमाडौंमा सम्पन्न भएको छ । पुस २३ गते बैंकका २२ जना वरिष्ठ प्रबन्धकहरु सहभागी भएको तालिममा प्रशिक्षक रामबाबु नेपालले ज्ञानको परिचय, ज्ञानको विकास र योगदान, ज्ञान व्यवस्थापनमा समेटिएका विषय तथा कार्यहरु र ज्ञान व्यवस्थापनका प्रमुख तत्वहरु सम्बन्धी विषयमा विषयगत प्रशिक्षण दिइएको थियो । कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी तथा तालिम तथा सिकाइ विभागकी विभागीय प्रमुख पद्मा जिसीको उपस्थिति रहेको थियो ।

## एडभान्स् एक्सेल सम्बन्धी तालिम सम्पन्न

**काठमाडौं, २५ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड तालिम तथा विकास विभागको आयोजनामा एडभान्स् माइक्रोसफ्ट एक्सेल सम्बन्धी तालिम काठमाडौंमा सम्पन्न भएको छ । पुस २४ र २५ गते बैंकका विभिन्न विभाग तथा शाखा कार्यालयमा कार्यरत २४ जना कर्मचारीहरु सहभागी भएको तालिममा Excel essentials, Formatting and ease of use, Data analysis, Advanced worksheet functions, Advanced Calculations, Advanced data analysis and representations, Templates and printing, Use of pivot table / Management information system सम्बन्धी विषयमा विषयगत प्रशिक्षण दिइएको थियो । प्रशिक्षक दिपसिंह रावतले तालिम दिनु भएको थियो ।

# राष्ट्रिय वाणिज्य बैंकको
# एकै पटक पाँचवटा शाखा कार्यालयको उद्घाटन सम्पन्न



**काठमाडौं, ९ पुस**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको एकै पटक पाँच वटा शाखा कार्यालयको उद्घाटन गरिएको छ । १ नम्बर प्रदेश स्थित शाखा कार्यालय **ताप्लेजुङ्ग,** शाखा कार्यालय **तेह्रथुम,** शाखा कार्यालय **धुलावारी,** मधेस प्रदेश स्थित शाखा कार्यालय **मलगंवा** र बागमती प्रदेश स्थित शाखा कार्यलय **रसुवा** को शनिवार उद्घाटन गरिएको छ । यसपछी बैंकको देशभर २६४ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ ।

शाखा कार्यालय ताप्लेजुङ्ग को बैंक सञ्चालक दिलिप कुमार ढुङ्गाना, शाखा कार्यालय तेह्रथुम को म्याग्लुङ्ग नगरका प्रमुख संजयकुमार तुम्बाहाम्फे, शाखा कार्यालय धुलावारी को झापा १ ख का प्रदेश सांसद माननीय गोपाल तामाङ्ग, शाखा कार्यालय मलगंवा को सर्लाही २ ख का प्रदेश सांसद माननीय कौशल किशोर राय र शाखा कार्यलय रसुवा को रसुवा ख का प्रदेश सांसद इन्द्रप्रसाद गोतामेले शनिवार अगल अलग कार्यक्रमका बीच उद्घाटन गर्नुभएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले राष्ट्रिय वाणिज्य बैंकले देशको दूरदराज तथा शहरी क्षेत्रमा शाखा सञ्चालन गरी प्राथमिकताका साथ आम नागरिकमा बैंकिङ्ग सेवा प्रवाह गरिरहेको बताउनुभयो ।

शाखा कार्यालयको उद्घाटनमा बैंकतर्फबाट बैंक सञ्चालक प्रा.डा.राजनबहादुर पौडेल र प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ शाखा कार्यलय धुवलावारीमा, बैंक सञ्चालक लक्ष्मण घिमिरे र नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल शाखा कार्यलय रसुवामा, नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारी शाखा कार्यालय मलगंवामा, उपकार्यकारी अधिकृत पवन रेग्मी शाखा कार्यालय ताप्लेजुङ्गमा र उपकार्यकारी अधिकृत विनयरमण पौडेल शाखा कार्यालय तेह्रथुममा सहभागी हुनु भएको थियो । शाखा कार्यालयहरुको उद्घाटन समारोहमा जनप्रतिनीधि, राजनितिक दलका प्रतिनिधि, सेना, प्रहरी, उद्योगी, व्यवसायी, कर्मचारीहरु लगायतको भव्य उपस्थिति रहेको थियो ।





लेख

# कार्यसम्पादन मूल्यांकन तथा यसको उपयोग



- ब्रजमोहन अधिकारी
मुख्य प्रबन्धक, रा.वा. बैंक लि.

कर्मचारीहरुको कार्य जिम्मेवारी अनुरुप सम्पादन गरेका कार्यहरु तथा नतिजाहरुको आवधिक रुपमा मूल्यांकन गर्ने प्रक्रिया नै कार्यसम्पादन मूल्यांकन हो । यसबाट अपेक्षित र वास्तविक कार्य सम्पादन बिचको फरक पत्ता लाग्दछ भने संगठनात्मक लक्ष्य प्राप्तिमा सहयोग पुग्नुका साथै कार्यसम्पादन प्रगतिको आधारमा कर्मचारीहरुलाई थप आर्थिक सुविधाहरु प्रदान गर्न एवं कर्मचारीहरुको बढुवा तथा थप जिम्मेवारीको लागि समेत आधारको काम गर्दछ । त्यसै गरी कार्यसम्पादन मूल्यांकनले संगठनात्मक नियन्त्रण सुदृढ पार्ने एवं कर्मचारीहरुलाई दिइने पृष्ठपोषणबाट उनीहरुको गुनासो समाधान हुने तथा यसबाट संगठनको मानव संशाधन योजना तर्जुमा गर्न सघाउ पुग्ने एवं कर्मचारीहरुको तालिम आवश्यकताको पहिचानमा समेत सहयोग पुग्दछ । कार्यसम्पादन मूल्यांकनको नतिजालाई कर्मचारीको थप जिम्मेवारी, प्रोत्साहन, पुरस्कार तथा दण्डसँग आवद्ध गर्न सकिन्छ । सङ्गठनको दृष्टिकोणमा यो सुपरिवेक्षणको सशक्त औजार हो भने व्यक्तिको दृष्टिकोणमा यो आफ्नो क्षमताको पहिचान गरी निरन्तर सुधार मार्फत वृत्तिविकास गर्ने माध्यम हो ।

| कार्य | सम्पादन | मूल्यांकन |
|---|---|---|
| तोकिएको कार्य | कसरी गऱ्यो ? | निम्न (कमजोर) |
| | कति गऱ्यो ? | |
| | कति समय लगाया ? | मध्यम (राम्रो) |
| पद अनुसारको जिम्मेवारी | कस्तो गुणस्तरमा गऱ्यो ? | उच्च (उत्कृष्ट) |

**कार्यसम्पादन मूल्यांकनका उद्देश्यहरु**

- संगठनको लक्ष्य हासिल गर्न सहयोग गर्ने ।
- संगठनका सबै पदहरुको कार्य विवरणहरु अद्यावधिक गर्ने ।
- प्रत्येक पदको जिम्मेवारी र कार्य प्रक्रिया निर्धारण गर्ने ।
- बढुवा तथा सरुवाको आधार तयार गर्ने ।
- कार्यसम्पादनमा आधारित प्रोत्साहनको निर्धारण गर्ने ।
- कार्यसम्पादनको आधारमा दण्ड तथा पुरस्कारको निर्धारण गर्ने ।
- कर्मचारीहरुको क्षमता विकास गर्ने आधार तयार गर्ने ।

**कार्यसम्पादन मूल्यांकनका सिद्धान्तहरु**

- एकरुपताको सिद्धान्त
- निष्पक्षता र समताको सिद्धान्त
- पारदर्शिताको सिद्धान्त
- प्रभावकारिताको सिद्धान्त
- कर्मचारी विकासको सिद्धान्त
- कर्मचारी सुरक्षाको सिद्धान्त

**कार्यसम्पादन मूल्यांकन प्रक्रिया**

- उद्देश्य निर्धारण
- मापदण्ड तथा सूचकहरुको निर्धारण
- मापदण्ड तथा सूचकहरुको संचार
- कार्यसम्पादन मापन
- विचलन पहिचान
- नतिजाबारे कर्मचारीसँग छलफल
- सुधारात्मक कदम

**कार्य सम्पादन मूल्यांकन कसले गर्छ ?**

- सुपरीवेक्षक
- पुनरावलाकनकर्ता
- कार्यसम्पादन मूल्यांकन समिति

**कार्य सम्पादन मूल्यांकन गर्ने आधारहरु**

- संगठनको लक्ष्य प्राप्त गर्न पुऱ्याएको योगदान
- सम्बन्धित पदको कार्य विवरण
- काम गर्दाको कार्य वातावरण
- कार्य गर्दा अपनाएको संयमता तथा अग्रसरता
- कामको परिमाण
- काम गर्न लगाएको समय
- कामको गुणस्तर
- विशिष्ट अवस्थामा गरेका अतिरिक्त कार्यहरु ।

कार्यसम्पादन मूल्यांकन प्रक्रियालाई बैज्ञानिक बनाउन शुरुमा कार्य सम्पादन मापदण्ड निर्धारण गर्नुपर्ने र कर्मचारीहरुलाई सो मापदण्ड बारे जानकारी गराउनु पर्ने एवं कार्यसम्पादन पश्चात वास्तविक कार्यसम्पादनको मापन गर्नुपर्ने र अपेक्षित कार्य सम्पादनसँग वास्तविक कार्यसम्पादनको तुलना गर्न पर्दछ । त्यसै गरी सम्वन्धित कर्मचारीहरुसंग मूल्यांकनबाट प्राप्त नतिजा बारे आवश्यक छलफल गर्नु पर्दछ र उनीहरुको कार्यसम्पादन सुधारको लागि सुझाव तथा पृष्ठपोषण प्रदान गर्नु पर्दछ ।

कार्यसम्पादन मूल्यांकन कुनै अमूक व्यक्तिको कार्यसम्पादन तथा वृत्ति विकाससंग मात्र सम्वन्धित नभई यसबाट पूरै संगठनको लक्ष्य प्राप्तिमा सघाउ पुग्दछ । त्यसै गरी व्यवस्थापकको कार्यसम्पादन मातहतका कर्मचारीहरुको कार्यसम्पादनसँग निर्भर रहने भएकोले उत्कृष्ट व्यवस्थापकले राम्रो नतिजाको लागि मातहतका कर्मचारीहरुको कार्यसम्पादन सुधार गर्न प्रयास गर्नु पर्दछ ।

कार्यसम्पादन मूल्यांकन गर्दा विभिन्न परिमाणात्मक मापदण्ड निर्धारण गर्नु पर्दछ भने कार्ययोजना कार्यान्वयन गर्दा आइपर्ने विभिन्न बाधा अवरोधहरु न्यूनीकरण गर्नुपर्ने एवं लक्ष्य हाँसिल गर्न कठीन भएमा लक्ष्यको पुनर्समीक्षा तथा श्रोत साधन उपलब्धताको पुनर्मूल्यांकन समेत गर्नु पर्दछ ।

विश्वव्यापी रुपमा नै कार्यसम्पादन मूल्यांकनको लागि सम्पन्न गरेको कार्य परिमाण (Quantity of Work), कामको गुणस्तर (Quality of Work), काम सम्पन्न गर्न लागेको समय (Time Measures) र काम सम्पन्न गर्न लागेको खर्च वा प्रतिफल (Cost Measures) लाई नै मूल आधारको रुपमा लिइन्छ । त्यसै गरी ग्राहक वा सेवाग्राहीको सन्तुष्टी (Reaction Measures), कर्मचारीको अनुशासन तथा आचरणगत पक्ष, समय पालना, उत्सुकता, अन्य कर्मचारीहरु प्रति सहयोगी आदि पक्षहरुको आधारमा कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गरिन्छ ।

विकसित देशहरुमा गरिएको अनुसन्धानले कार्यसम्पादन मूल्यांकनको सबैभन्दा धेरै उपयोग कर्मचारीहरुलाई आर्थिक सुविधा / सहुलियत प्रदान गर्ने प्रयोजनको लागि र त्यसपछि कार्यसम्पादन सुधार तथा पृष्ठपोषणको लागि र करीव २५ प्रतिशत मात्र बढुवा प्रयोजनको लागि प्रयोग हुने नतिजा प्राप्त भएको तर नेपालमा मूलरुपमा कर्मचारीहरुको बढुवा प्रयोजनको लागि मात्र कार्यसम्पादन मूल्यांकनको प्रयोग हुने गरेको पाइन्छ ।

नेपालको निजामती सेवा लगायत कतिपय संस्थाहरुमा कार्यसम्पादनको वास्तविक मूल्यांकन नगरी राम्रो काम गर्ने र राम्रो काम नगर्ने सबैलाई पूर्णांक नै दिने प्रचलन रहेको र यसबाट राम्रो काम गर्ने कर्मचारीहरु प्रताडित भई संगठनको लक्ष्य प्राप्तिमा प्रतिकूल असर पर्ने गरेको पाइन्छ । त्यसै गरी कतिपय संस्थाहरुमा यसलाई अत्यन्त गोप्य रुपमा लिइने र कार्यसम्पादन मूल्यांकनको अवस्था बारे सम्वन्धित कर्मचारीहरुलाई कुनै पनि जानकारी नदिइने कारण भविष्यमा निजहरुको कमी कमजोरी सुधारको कुनै सम्भावना देखिँदैन ।

कर्मचारीहरुको कार्यसम्पादन मूल्यांकन गर्दा विशेष परिस्थितिमा काम गर्ने क्षमताको आंकलन गरी सहकर्मीहरुसँग तुलना गर्नु पर्दछ। त्यसै गरी सुपरीवेक्षकले मात्र मूल्यांकन नगरी सहकर्मी/समकक्षी तथा मातहतका कर्मचारी, ग्राहक आदिसँग ३६० डिग्री मूल्यांकन गर्दा कार्यसम्पादन मूल्यांकन अझ वैज्ञानिक हुने देखिन्छ ।

**कार्यसम्पादन मूल्यांकनको उपयोग**

- कर्मचारीहरुको कार्यसम्पादनमा सुधार गर्न
- कर्मचारीहरुलाई कार्यसम्पादन सुधारमा पृष्ठपोषण प्रदान गर्न
- सुपरीवेक्षक र कर्मचारी बीच उचित समझदारी कायम गर्न
- कर्मचारीहरुको तलब तथा अन्य सुबिधा निर्धारण गर्न
- बढुवा, सरुवा तथा अवकास सम्बन्धी निर्णय लिन
- दण्ड तथा पुरस्कार व्यवस्थापन गर्न
- तालिम तथा विकास सम्बन्धी निर्णय लिन
- कर्मचारीहरुको वृत्तिविकास योजना तर्जुमा गर्न
- कर्मचारीहरुको उत्तराधिकार योजना लागू गर्न
- सुपरीवेक्षणका आधारहरुको पुनरावलोकन गर्न
- कर्मचारी प्रशासनका नीतिहरु तर्जुमा गर्न ।

**निस्कर्ष**

कुनै पनि कर्मचारीलाई तोकिएको जिम्मेवारी के कति र कस्तो रूपमा पूरा भयो भनेर पूर्व सूचकको आधारमा मापन गर्ने तथा मूल्यांकन गर्ने विधि कार्यसम्पादन मूल्यांकन हो । कुनै पनि आग्रह या पूर्वाग्रहबाट विचलित नभई न्यायोचित मूल्यांकन गर्न सकियो भने नै काम गर्ने कर्मचारीलाई हौसला मिल्छ । होइन भने कर्मचारीहरू कुण्ठित बन्नुपर्ने अवस्थाको सिर्जना हुन सक्छ । कार्यसम्पादन अपेक्षित रूपमा हुन सकेको छैन भने त्यसको यथार्थ कारण पत्ता लगाइ कार्यसम्पादनको यथार्थपरक मूल्यांकन गर्ने एवं त्यसमा आवश्यक सुधार गर्नु पर्दछ । कार्यसम्पादनको आधारमा मूल्यांकन र मूल्यांकनको आधारमा दण्ड, सजाय, पुरस्कार तथा अन्य सेवा सुविधाहरू चलायमान हुने स्वचालित प्रणाली स्थापित हुनु अनिवार्य छ । कर्मचारीहरुको कार्यसम्पादनलाई उनीहरुको कार्यदक्षता तथा कार्यक्षमतासँग आवद्ध गरी संगठनको समग्र लक्ष्य प्राप्तितर्फ निर्देशित गर्नु पर्दछ ।

यसरी कार्यसम्पादन मूल्यांकन कुनै पनि संगठनमा रहेका जनशक्तिले दिइएको कार्यविवरण तथा तोकिएको कार्यहरु के कति समयमा कति गुणस्तरीय तथा प्रभावकारी ढंगले सम्पन्न गरियो भनी मापन गर्ने विधी हो । यसलाई सरुवा, बढुवा, पदस्थापना तथा दण्डपुरस्कार निर्धारण गर्ने औजारको रुपमा उपयोग गर्न सकिन्छ । त्यसका लागि कार्यसम्पादन मूल्यांकनका वस्तुनिष्ट मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

**सुझाव तथा प्रतिक्रियाको लागि:** यस समाचारलाई उपयोगी हुने बैंकका गतिविधि, लेख, रचना, प्रतिक्रिया, सुझाव लगायतका सामग्री निम्न ठेगानामा प्रेषित गर्नुहुन अनुरोध छ । -सम्पादक
ई-मेल: rbbnl@rbb.com.np, फोन: ०१-४२५२५९५, Ext. २४२३

# ५८ औं बार्षिकोत्सव मूल समारोह समिति

| क्र.स. | समितिको पद | नाम थर | पद | कार्यालय/विभाग |
|---|---|---|---|---|
| १ | संयोजक | श्री किरणकुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| २ | सदस्य | श्री देवेन्द्ररमण खनाल | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ३ | सदस्य | श्री सरस्वती अधिकारी | ना.प्रमुख कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ४ | सदस्य | श्री देवेश प्रसाद लोहनी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ५ | सदस्य | श्री विमल डंगोल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ६ | सदस्य | श्री पवन रेग्मी | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ७ | सदस्य | श्री विनयरमण पौडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ८ | सदस्य | श्री दुर्गा कुमारी कंडेल | उप कार्यकारी अधिकृत | केन्द्रीय कार्यालय |
| ९ | सदस्य | श्री नारायण प्र. लामिछाने | विभागीय प्रमुख | सम्पति व्यवस्थापन |
| १० | सदस्य | श्री रामकुमार थापा | विभागीय प्रमुख | योजना अनुसन्धान |
| ११ | सदस्य | श्री रिको स्थापित | विभागीय प्रमुख | सुचना प्रविधि |
| १२ | सदस्य | श्री निम्बल श्रेष्ठ | विभागीय प्रमुख | ट्रेजरी |
| १३ | सदस्य | श्री संजय कुमार श्रेष्ठ | विभागीय प्रमुख | वित्त |
| १४ | सदस्य | श्री कृष्ण साह | विभागीय प्रमुख | कम्प्लायन्स |
| १५ | सदस्य | श्री राज्य लक्ष्मी खड्गी | विभागीय प्रमुख | उपभोक्ता बैंकिङ्ग |
| १६ | सदस्य | श्री सोनी श्रेष्ठ | विभागीय प्रमुख | सं तथा साना म.क.विभाग |
| १७ | सदस्य | श्री पद्मा लक्ष्मी जि.सी. | विभागीय प्रमुख | सिकाई तथा बिकास |
| १८ | सदस्य | श्री गायत्री श्रेष्ठ | विभागीय प्रमुख | सामान्य सेवा |
| १९ | सदस्य | श्री भिम प्रसाद घिमिरे | विभागीय प्रमुख | मानव संशाधन |
| २० | सदस्य | श्री सन्दीपजङ्ग कार्की | विभागीय प्रमुख | पुर्वाधार तथा सह वित्तीयकरण |
| २१ | सदस्य | श्री आनन्द सुवेदी | विभागीय प्रमुख | भुक्तानि तथा फरर्स्योट |
| २२ | सदस्य | श्री ऋषभ भट्टराई | विभागीय प्रमुख | कृषि तथा सामाजिक बैकिङ्ग |
| २३ | सदस्य | श्री ऋषिराम ढकाल | विभागीय प्रमुख | डिजिटल बैकिङ्ग |
| २४ | सदस्य | श्री भोला नाथ पौडेल | विभागीय प्रमुख | आ.ले.प. |
| २५ | सदस्य | श्री ब्रज मोहन अधिकारी | विभागीय प्रमुख | कर्जा प्रशासन |
| २६ | सदस्य | श्री ध्रुव प्रसाद अर्याल | प्रादेशिक प्रबन्धक | बाग्मती प्रादेशिक कार्यालय |
| २७ | सदस्य | श्री बिश्व प्रकाश ज्ञवाली | शाखा प्रबन्धक | मुख्य शाखा कार्यालय |
| २८ | सदस्य | श्री दामोदर ज्ञवाली | मुख्य प्रबन्धक | सं तथा साना म.क.बिभाग |
| २९ | सदस्य | श्री गणेश चन्द्र पौडेल | मुख्य प्रबन्धक | मानव संशाधन |
| ३० | सदस्य | श्री भवानी शंकर निरौला | बरिष्ठ प्रबन्धक | कानुन |
| ३१ | सदस्य | श्री राजेन्द्र आचार्य | शाखा प्रबन्धक | कर्पोरेट शाखा |
| ३२ | सदस्य | श्री हेमराज खरेल | बरिष्ठ प्रबन्धक | संचालक समितिको कार्यालय |
| ३३ | सदस्य | श्री लक्ष्मीप्रसाद पाण्डेय | अध्यक्ष | रा.बा.बैंक कर्मचारी सघ, नेपाल |
| ३४ | सदस्य | श्री ईश्वरबहादुर सिंह | अध्यक्ष | नेपाल वि. संस्था कर्मचारी संघ |
| ३५ | सदस्य | श्री दिपेन्द्र कार्की | अध्यक्ष | नेपाल राष्ट्रिय कर्मचारी संगठन |
| ३६ | सदस्य-सचिव | श्री सरोज बस्नेत | विभागीय प्रमुख | ब्रान्च अपरेशन/कर्जा अ.तथा असुलि बिभाग |

## उप समितिहरू

### १. प्रकाशन तथा प्रचार प्रसार उप समिति:

| क्र.स. | पद | नाम थर | कार्यादेश |
|---|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री देवेन्द्र रमण खनाल | १) स्तरिय आर्थिक लेख सहित बैंकको मुखपत्र उपहार २०७९ पत्रिका प्रकाशनको ब्यबस्था मिलाउने ।<br>२) प्रचार समाग्री तयार गरी पत्र पत्रिकामा बैंकको सन्देश प्रकाशन गर्ने ।<br>३) बैंक सम्बन्धी जानकारीमूलक सूचना सहित माननीय अर्थमन्त्री, अर्थ सचिव, नेपाल राष्ट्र बैंकका गभर्नरबाट शुभकामना सन्देश र बैंकका अध्यक्ष तथा प्रमुख कार्यकारी अधिकृतबाट प्रतिबद्धता सन्देश माघ १० गतेको गोरखापत्रमा प्रकाशन गर्ने ।<br>४) बार्षिकोत्सबको अबसरमा बैकिङ्ग क्षेत्रका प्रतिष्ठित ब्यक्तित्वहरु बिच अन्तरसम्बाद कार्यक्रम आयोजना गरी टेलिभिजन मार्फत प्रशारण गर्ने । |
| २ | सदस्य | उप कार्यकारी अधिकृत श्री दुर्गा कुमारी कंडेल | |
| ३ | सदस्य | मुख्य प्रबन्धक श्री राम कुमार थापा | |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री भोलानाथ पौडेल | |
| ५ | सदस्य | मुख्य प्रबन्धक श्री बिश्व प्रकाश ज्ञवाली | |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक श्री भवानी शंकर निरौला | |
| ७ | सदस्य | उप प्रबन्धक श्री ईश्वरबहादुर सिंह | |
| ८ | सदस्य | सहायक प्रबन्धक श्री ईश्वर उप्रेती | |

### २. अतिथि सत्कार उप समिति:

| क्र.स. | पद | नाम थर | कार्यादेश |
|---|---|---|---|
| १ | संयोजक | नायब प्रमुख कार्यकारी अधिकृत श्री सरस्वती अधिकारी | १) बार्षिकोत्सब कार्यक्रममा उपस्थित हूनुहुने महानुभावहरुको स्वागत र सम्मानको ब्यवस्था मिलाउने ।<br>२) कार्यक्रममा आमन्त्रित अतिथी तथा सहभागी कर्मचारीहरुलाई खाना र खाजाको ब्यबस्था गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक, श्री गायत्री श्रेष्ठ | |
| ३ | सदस्य | मुख्य प्रबन्धक, श्री सरोज बस्नेत | |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री राज्य लक्ष्मी खड्गी | |
| ५ | सदस्य | अध्यक्ष, रा.वा.बैंक कर्मचारी संघ नेपाल श्री लक्ष्मीप्रसाद पाण्डेय | |
| ६ | सदस्य | अध्यक्ष, ने.वि.स.क.संघ रा.वा.बैंक लि. श्री ईश्वर बहादुर सिंह | |
| ७ | सदस्य | अध्यक्ष, ने.रा.क.सं, रा.वा.बैंक लि. श्री दिपेन्द्र कार्की | |

### ३. मञ्च व्यवस्थापन उप समिति:

| क्र.स. | पद | नाम थर | |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री देवेश प्रसाद लोहनी | १) बार्षिकोत्सबको दिन संचालन गरिने मुख्य कार्यक्रमको लागि समग्र पक्षको ब्यबस्थापन गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री नारायण प्रसाद लामिछाने | |
| ३ | सदस्य | मुख्य प्रबन्धक, श्री रिको स्थापित | |
| ४ | सदस्य | मुख्य प्रबन्धक,श्री गायत्री श्रेष्ठ | |
| ५ | सदस्य | मुख्य प्रबन्धक, श्री कृष्ण साह | |
| ६ | सदस्य | बरिष्ठ प्रबन्धक, श्री हेमराज खरेल | |
| ७ | सदस्य | प्रबन्धक, श्री भवेश चन्द्र प्रधानाङ्ग | |
| ८ | सदस्य | उप प्रबन्धक, श्री लक्ष्मीप्रसाद पाण्डेय | |

### ४. खेलकुद समिति:

| क्र.स. | पद | नाम थर | कार्यादेश |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत, श्री बिमल डंगोल | १) बिबिध खेलकूद कार्यक्रमहरु आयोजना गर्ने, इच्छुक खेलाडी कर्मचारीहरुलाई सहभागी गराउने तथा बिजेतालाई पुरस्कार एवम् प्रमाणपत्रको ब्यबस्था गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक, श्री निम्बल श्रेष्ठ | |
| ३ | सदस्य | मुख्य प्रबन्धक, श्री आनन्द सुवेदी | |
| ४ | सदस्य | मुख्य प्रबन्धक, श्री गणेश चन्द्र पौडेल | |
| ५ | सदस्य | मुख्य प्रबन्धक, श्री ऋषभ भट्टराई | |
| ६ | सदस्य | प्रबन्धक, श्री सरोज कोईराला | |
| ७ | सदस्य | श्री बद्री प्रसाद तिमिल्सिना/RBBEA | |
| ८ | सदस्य | श्री रविन्द्र चौलागाई/RBBEA | |
| ९ | सदस्य | श्री लसता श्रेष्ठ/FIEUN | |
| १० | सदस्य | श्री साजन सुवाल/FIEUN | |
| ११ | सदस्य | श्री जितेन्द्र राई/NEON | |
| १२ | सदस्य | श्री साम्राज्य शाक्य/NEON | |

### ५. प्रभात फेरी कार्यक्रम र CLEAN RBBL उप समिति:

| क्र.स. | पद | नाम थर | कार्यादेश |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत श्री पवन रेग्मी | १) बार्षिकोत्सबको अवसरमा केन्द्रीय कार्यालय, प्रादेशिक कार्यालय एवम सम्भव हुने शाखा कार्यालयहरुमा बित्तीय साक्षरता सम्बन्धी सूचनामूलक प्ले कार्ड तथा ब्यानरका साथ मिति २०७९ माघ ७ गते, शनिबार, बिहान ७:३० बजे नगर परिक्रमा गर्ने ।<br>२) सम्भव भएसम्म बैंकका सबै कार्यालयहरुमा प्रभातफेरी कार्यक्रम गर्ने ।<br>४) साइन बोर्डहरुको सरसफाई तथा आबश्यकता अनुसार नयाँ राख्ने ।<br>५) बार्षिकोत्सबको अवसरमा कार्यालयहरुमा सन्देशमूलक फ्लेक्सहरु राख्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक श्री रिको स्थापित | |
| ३ | सदस्य | मुख्य प्रबन्धक श्री नारायणप्रसाद लामिछाने | |
| ४ | सदस्य | मुख्य प्रबन्धक श्री राम कुमार थापा | |
| ५ | सदस्य | मुख्य प्रबन्धक श्री सन्दिप जंग कार्की | |
| ६ | सदस्य | मुख्य प्रबन्धक श्री आनन्द सुवेदी | |
| ७ | सदस्य | मुख्य प्रबन्धक श्री ध्रुव प्रसाद अर्याल | |
| ८ | सदस्य | मुख्य प्रबन्धक श्री ऋषिराम ढकाल | |
| ९ | सदस्य | मुख्य प्रबन्धक श्री दामोदर ज्ञवाली | |
| १० | सदस्य | बरिष्ठ प्रबन्धक श्री भवानी शंकर निरौला | |
| ११ | सदस्य | बरिष्ठ प्रबन्धक श्री राजेन्द्र आचार्य | |
| १२ | सदस्य | अध्यक्ष, रा.वा.बैंक कर्मचारी संघ श्री लक्ष्मीप्रसाद पाण्डेय | |
| १४ | सदस्य | अध्यक्ष,ने.वि.स.क.संघ रा.वा.बैंक लि श्री ईश्वरबहादुर सिंह | |
| १५ | सदस्य | अध्यक्ष, ने.रा.क.सं, रा.वा.बैंक लि. श्री दिपेन्द्र कार्की | |

## ६) रक्तदान उप समिति:

| क्र.स. | पद | नाम थर | कार्यादेश |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत<br>श्री बिनय रमण पौडेल | बैंकको ५८ औं वार्षिकोत्सवको अवसरमा नेपाल रेडक्रस सोसाईटी संग समन्वय गरी केन्द्रीय कार्यालय एवम प्रादेशिक कार्यालयहरुमा मिति २०७९ माघ ४ गते, बुधबार, बिहान १०:३० बजे रक्तदान कार्यक्रमको आयोजना गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक<br>श्री सोनी श्रेष्ठ | |
| ३ | सदस्य | मुख्य प्रबन्धक<br>श्री सञ्जय कुमार श्रेष्ठ | |
| ४ | सदस्य | मुख्य प्रबन्धक<br>श्री राज्यलक्ष्मी खड्गी | |
| ५ | सदस्य | मुख्य प्रबन्धक<br>श्री भिम प्रसाद घिमिरे | |
| ६ | सदस्य | मुख्य प्रबन्धक<br>श्री ब्रज मोहन अधिकारी | |
| ७ | सदस्य | मुख्य प्रबन्धक<br>श्री दामोदर ज्ञवाली | |
| ८ | सदस्य | प्रबन्धक<br>श्री जितेन्द्र सिंह थापा | |

## ७. व्यवसाय प्रवर्द्धन उप समिति:

| क्र.स. | पद | नाम थर | कार्यादेश |
|---|---|---|---|
| १ | संयोजक | उप कार्यकारी अधिकृत<br>श्री दुर्गा कुमारी कंडेल | १) बैंकको ५८ औं वार्षिकोत्सवको अवसरमा निक्षेप, कर्जा, डिजिटल बैंकिङ्ग, रेमिट्यान्स लगायत बैंकका सेवा सुविधाहरुको प्रवर्द्धनका लागि प्रदेश कार्यलयहरुलाई समेत विभिन्न कार्यक्रमहरु संचालन गर्न समन्वय गर्ने ।<br>२) निक्षेप,कर्जा, डिजिटल बैंकिङ्ग, रेमिट्यान्स जस्ता क्षेत्रमा नबीनतम बिशेषता सहितका नयाँ प्रतिस्पर्धी सेवा Product को बिकास गर्ने ।<br>३) वित्तीय साक्षरता सम्बन्धी कार्यक्रमहरु मार्फत बैंकका सेवा सुविधाहरुको बिस्तार गर्ने ।<br>४) प्रदेश स्तर र शाखा स्तरमा समेत ग्राहक भेटघाट तथा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।<br>५) निक्षेप, कर्जा, रेमिट्यान्स लगायतका बैंकका सेवा सम्बन्धी नयाँ नयाँ रेडियो, जिङ्गल बनाइ एफ.एम रेडियोहरुमा प्रसारण गर्ने ।<br>६) नेपाली र अङ्ग्रेजी दुबै माध्यममा ५ देखी ७ मिनेट सम्मको बैंकको Corporate Documentary तयार गर्ने । |
| २ | सदस्य | मुख्य प्रबन्धक<br>श्री रिको स्थापित | |
| ३ | सदस्य | मुख्य प्रबन्धक<br>श्री राज्य लक्ष्मी खड्गी | |
| ४ | सदस्य | मुख्य प्रबन्धक<br>श्री पद्मा लक्ष्मी जि.सी. | |
| ५ | सदस्य | मुख्य प्रबन्धक<br>श्री आनन्द सुवेदी | |
| ६ | सदस्य | मुख्य प्रबन्धक<br>श्री ऋषिराम ढकाल | |
| ७ | सदस्य | मुख्य प्रबन्धक<br>श्री ऋषभ भट्टराई | |
| ८ | सदस्य | बरिष्ठ प्रबन्धक<br>श्री दिपेन्द्र कार्की | |

# ...१२.५० प्रतिशत लाभांश पारित

नागरिक उड्यान मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय, उर्जा जलश्रोत तथा सिंचाई मन्त्रालयका प्रतिनिधि तथा सार्वसाधारण शेयरधनीहरुको उपस्थिति रहेको थियो । अध्यक्ष डा. पाठकले प्रस्तुत गर्नुभएको प्रतिवेदन माथि शेयरधनीहरु डमरु वल्लभ घिमिरे, दामोदर प्रसाद रेग्मी, र रामगोपाल श्रेष्ठले टिप्पणी गर्नुका साथै बैंक सुधारको निमित्त विभिन्न सुझाब सहितको धारणा राख्नुभएको थियो । सो टिप्पणी एवं जिज्ञासाबारे बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकले जवाफ दिनुभएको थियो ।

सो साधारण सभामा बैंक सञ्चालक समितिका सदस्यहरु शम्भुप्रसाद मरासिनी, प्रा.डा. राजनबहादुर पौडेल, रोमिला ढकाल उप्रेती, दिलिपकुमार ढुङ्गाना, सुशिल घिमिरे, स्वतन्त्र सञ्चालक लक्ष्मण घिमिरे तथा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु देवेशप्रसाद लोहनी, विमल डंगोल, पवन रेग्मी र विनयरमण पौडेल, दुर्गा कँडेल छत्कुलीको उपस्थिति रहेको थियो । साधारण सभामा कम्पनी रजिष्ट्रारको कार्यालयका रजिष्ट्रार महेश वराल, महालेखापरीक्षकको कार्यालयका निर्देशक कमल सिलवाल, बैंकका कानूनी सल्लाहकारहरु, बैंकभित्र कियाशिल ट्रेड युनियनका अध्यक्षहरु लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो । साधारणसभालाई कम्पनी सचिव हेमराज खरेलले सहजिकरण गर्नु भएको थियो ।

बैंकको हाल ७ प्रदेश, ७७ जिल्लाका सबै सदरमुकाममा सहित २६५ वटा शाखा कार्यालय, ४६ वटा एक्स्टेन्सन काउन्टर, २६८ वटा एटिएम र १०२ वटा शाखा रहित बैंकिङ्ग रहेको छ ।

## राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको मिति २०७९।०७।०१ देखि हालसम्म भएका सरुवा विवरण:

| क्र.सं. | कर्मचारीको नाम | क.न. | हालको कार्यालय | प्रस्तावित कार्यालय | पद |
|---|---|---|---|---|---|
| १ | श्री राजेश कुमार अग्रवाल | १०८७८ | सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी | सूचना प्रविधि विभाग | विभागीय प्रमुख |
| २ | श्री रिको स्थापित | १०८७४ | सूचना प्रविधि विभाग | डिजिटल बैंकिङ्ग विभाग | विभागीय प्रमुख |
| ३ | श्री ऋषिराम ढकाल | १११८७ | डिजिटल बैंकिङ्ग विभाग | भुक्तानी तथा फर्स्यौट विभाग | विभागीय प्रमुख |
| ४ | श्री आनन्द सुवेदी | १११९८ | भुक्तानी तथा फर्स्यौट विभाग | ब्रान्च अपरेशन विभाग | विभागीय प्रमुख |
| ५ | श्री राजेन्द्र आचार्य | १११८२ | कर्पोरेट | सु.प. प्रदेश कार्यालय, धनगढी | प्रादेशिक प्रबन्धक |
| ६ | श्री अविता श्रेष्ठ | ११२२४ | पुर्वाधार बैंकिङ्ग विभाग | कर्पोरेट | शाखा प्रबन्धक |
| ७ | श्री दामोदर ज्ञवाली | ११२१२ | संस्थागत तथा साना मझौला कर्जा विभाग | पुर्वाधार बैंकिङ्ग विभाग | विभागीय प्रमुख |
| ८ | श्री सन्दिप जंग कार्की | ११२०१ | पुर्वाधार बैंकिङ्ग विभाग | जोखिम व्यवस्थापन विभाग | विभागीय प्रमुख |
| ९ | श्री दुश्यन्त राज निरौला | १११८४ | जोखिम व्यवस्थापन विभाग | मा.स.वि.(अवकाश कोष) | कोष प्रशासक |
| १० | श्री गणेश चन्द्र पौडेल | १११८६ | मानव संशाधन विभाग | लुम्बिनी प्र.का., नेपालगञ्ज | प्रादेशिक प्रबन्धक |
| ११ | श्री हरिश चन्द्र भट्ट | १११८१ | धनगढी | ब्रान्च अपरेशन विभाग | उप प्रमुख |
| १२ | श्री हरि वावु आचार्य | १११10 | कृषि तथा सामाजिक बैंकिङ्ग विभाग | मानव संशाधन विभाग | उप प्रमुख |
| १३ | श्री दिनेश न्यौपाने | १११६७ | दरवारमार्ग | उपभोक्ता बैंकिङ्ग विभाग | उप प्रमुख |
| १४ | श्री दिनेश ओझा | १११७७ | भुक्तानी तथा फर्स्यौट विभाग | भुक्तानी तथा फर्स्यौट विभाग | उप प्रमुख |
| १५ | श्री दिपक प्रसाद मुडभरी | ११२०९ | सामान्य सेवा विभाग | सामान्य सेवा विभाग | उप प्रमुख |
| १६ | श्री भोजराज भट्ट | ११२२१ | सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी | सम्पति व्यवस्थापन विभाग | उप प्रमुख |
| १७ | श्री सन्तोष लम्साल | ११०८२ | आ.ले.प.विभाग | आ.ले.प.विभाग | उप प्रमुख |
| १८ | श्री युवराज घिमिरे | ११०७३ | टेकु | कर्जा प्रशासन विभाग | उप प्रमुख |
| १९ | श्री गगन सिंह घिमिरे | ११३८७ | डिजिटल बैंकिङ्ग विभाग | डिजिटल बैंकिङ्ग विभाग | उप प्रमुख |
| २० | श्री सचिन कुमार श्रेष्ठ | ११३८५ | सूचना प्रविधि विभाग | सूचना प्रविधि विभाग | उप प्रमुख |
| २१ | श्री रुद्रनाथ पोखेल | ११६७६ | जोखिम व्यवस्थापन विभाग | जोखिम व्यवस्थापन विभाग | उप प्रमुख |
| २२ | श्री रञ्जन उप्रेती | ११६८२ | वित्त विभाग | पुर्वाधार बैंकिङ्ग विभाग | उप प्रमुख |
| २३ | श्री निशा पछाई | ११५८५ | पुल्चोक | मुख्य शाखा कार्यालय, काठमाण्डौ | शाखा सहायक प्रबन्धक |
| २४ | श्री सुजन भट्टराई | ११६७३ | आ.ले.प.विभाग | वित्त विभाग | उप प्रमुख |
| २५ | श्री राजु थापा | ११२१५ | वित्त विभाग | कृषि तथा सामाजिक बैंकिङ्ग विभाग | उप प्रमुख |
| २६ | श्री रविन्द्र जोशी | ११३८२ | सूचना प्रविधि विभाग | प्रमुख कार्यकारी अधिकृतको का. | बरिष्ठ प्रबन्धक (सु.प्र.) |
| २७ | श्री त्रिचन्द्र भण्डारी | ११६१४ | धनगढी | महेन्द्रनगर | शाखा प्रबन्धक |
| २८ | श्री कर्णदेव जोशी | १११९५ | महेन्द्रनगर | सु.प. प्रदेश कार्यालय, धनगढी | उप प्रमुख |
| २९ | श्री दिर्घराज ओझा | ११४१६ | सुदूरपश्चिम प्रदेश कार्यालय, धनगढी | धनगढी | शाखा प्रबन्धक |
| ३० | श्री फौद बहादुर सुनवार | ११०७९ | ठमेल | पुतलीसडक | शाखा प्रबन्धक |
| ३१ | श्री सुरेश सापकोटा | ११६२१ | बौद्ध | ठमेल | शाखा प्रबन्धक |
| ३२ | श्री ईश्वरी बहादुर शाही | ११४१२ | थापाथली | बौद्ध | शाखा प्रबन्धक |
| ३३ | श्री पुष्पा कुमारी खनाल | १२२१८ | पुतलीसडक | दरवारमार्ग | शाखा प्रबन्धक |
| ३४ | श्री बाल कुमार थापा | ११०६६ | कर्जा प्रसाशन विभाग | पुल्चोक | शाखा प्रबन्धक |
| ३५ | श्री माधव खतिवडा | ११६०३ | मानव संशाधन विभाग | नक्साल | शाखा प्रबन्धक |
| ३६ | श्री श्याम सुन्दर गौतम | ११६१९ | नक्साल | टेकु | शाखा प्रबन्धक |
| ३७ | श्री गणेश खत्री | ११०८५ | मानव संशाधन विभाग (अवकाश कोष) | आ.ले.प.विभाग | प्रबन्धक |
| ३८ | श्री दिनेश गौतम | १११६६ | लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्ज | ट्रेड फाइनान्स विभाग | विभागीय प्रमुख |
| ३९ | श्री अच्युत गौतम | १११७४ | सम्पति व्यवस्थापन विभाग | मार्केटिङ्ग विभाग | विभागीय प्रमुख |
| ४० | श्री सन्ध्या सिंह | ११६७४ | मधेश प्रदेश कार्यालय, बिरगञ्ज | मधेश प्रदेश कार्यालय, बिरगञ्ज | उप प्रमुख |
| ४१ | श्री कमला तिमिल्सेना | ११५९५ | १ नं. प्रदेश कार्यालय, बिराटनगर | १ नं. प्रदेश कार्यालय, बिराटनगर | उप प्रमुख |
| ४२ | श्री तुप्ती डि.सी. | १३२५० | लुम्बिनी प्रदेश कार्यालय, नेपालगञ्ज | लुम्बिनी प्रदेश का, नेपालगञ्ज | उप प्रमुख |
| ४३ | श्री रमेश सुवाल | ११२९९ | सूचना प्रविधि विभाग | योजना, अ. तथा सू.प्र.विभाग | उप प्रमुख |
| ४४ | श्री द्रोण प्रसाद उप्रेती | ११६८६ | आ.ले.प.विभाग | वित्त विभाग | उप पबन्धक (लेखा) |
| ४५ | श्री अर्तिनाथ बोकी श्रेष्ठ | ११७०२ | कम्प्लायन्स विभाग | मा.स.वि. | उप प्रबन्धक (कानुन) |
| ४६ | श्री नविन ढकाल | ११६८३ | आ.ले.प.विभाग | बागमती प्रदेश कार्यालय, काठमाण्डौ | उप पबन्धक (लेखा) |
| ४७ | श्री प्रमोद भुर्जी | ११६८५ | कम्प्लायन्स विभाग | आ.ले.प.विभाग | प्रबन्धक (लेखा) |
| ४८ | श्री रामजी आचार्य | ११६८४ | वित्त विभाग | आ.ले.प.विभाग | उप पबन्धक (लेखा) |
| ४९ | श्री रविन्द्र के.सी. | ११६८७ | वित्त विभाग | आ.ले.प.विभाग | उप प्रबन्धक (लेखा) |
| ५० | श्री सुरेश खतिवडा | ११६३४ | बरहथवा | आ.ले.प.विभाग | सहायक प्रबन्धक |
| ५१ | श्री लक्ष्मी प्रसाद न्यौपाने | ११६४७ | लाहान (हाल काजमा हेटौडा) | बरहथवा | शाखा प्रबन्धक |
| ५२ | श्री केदार के.सी. | ११५५८ | कर्पोरेट | आ.ले.प.विभाग | उप प्रबन्धक |
| ५३ | श्री हेमराज मरहठा | १११६९ | हेटौडा | बिराटनगर | शाखा प्रबन्धक |
| ५४ | श्री अरुण ढुङ्गाना | १२२२० | बिराटनगर | संस्थागत तथा सा.म.कर्जा विभाग | उप प्रमुख |
| ५५ | श्री पवन कुमार सापकोटा | ११२१८ | आ.ले.प.विभाग | हेटौडा | शाखा प्रबन्धक |
| ५६ | श्री सानुभाई खड्का | ११३८१ | मानव संशाधन विभाग | कम्प्लायन्स विभाग | उप प्रमुख |
| ५७ | श्री बेद प्रसाद आचार्य | ११०६५ | योजना, अनुसन्धान तथा सुचना प्रणाली विभाग | ट्रेड फाइनान्स विभाग | उप प्रमुख |
| ५८ | श्री सरोज कोईराला | १११०० | ट्रेजरी विभाग | ट्रेजरी विभाग | उप प्रमुख |
| ५९ | श्री अभिषेक श्रेष्ठ | ११६८० | आ.ले.प.विभाग | जोखिम व्यवस्थापन विभाग | उप प्रबन्धक (लेखा) |

युनियन गतिविधि

# रा.वा.बैंक कर्मचारी संघको केन्द्रीय प्रशिक्षण कार्यक्रम सम्पन्न




**काठमाडौं, १६ पुस**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको केन्द्रीय प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । संघका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयको अध्यक्षतामा सम्पन्न भएको कार्यक्रममा प्रमुख आतिथि एवं पूर्व पराष्ट्र मन्त्री तथा नेकपा एमालेका उपमहासचिव प्रदिप ज्ञवालीले वर्तमान सन्दर्भमा ट्रेड युनियनहरुले कार्यरत संस्थाको उत्पादकत्व वृद्धिका लागि काम गर्दै उपलब्धीको न्यायोचित वितरणमा ध्यान दिनुपर्ने बताउनुभयो । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य माधव ढुङ्गेल, संघका पूर्व अध्यक्ष शिवकुमार अधिकारी, मोटिभेसनल स्पिकर डा. मदन विष्टले प्रशिक्षण दिनु भएको थियो । संघका बरिष्ठ उपाध्यक्ष बद्रिप्रसाद तिमिल्सिनाले स्वागत मन्तव्य व्यक्त गर्नुभएको कार्यक्रम महासचिव रविन्द्रप्रसाद चौलागाँईले सञ्चालन गर्नुभएको थियो ।

# नेपाल वित्तीय संस्था कर्मचारी संघद्वारा महिला हिंसा विरुद्धको कार्यक्रम सञ्चालन



**काठमाडौं, १० भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि.केन्द्रीय महिला विभागको आयोजनामा लैङ्गिक हिंसा विरुद्ध मनाइने १६ दिने अभियान (नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२२) को अवसरमा एक दिने प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागकी संयोजक सपना शाहीको सभापतित्व सम्पन्न भएको प्रशिक्षण कार्यक्रममा नेपाल ल क्याम्पसकी उप प्राध्यापक रुक्मणी महर्जनले सहभागीहरुलाई सभ्य समाजको पहिचानः लैङ्गिक हिंसा बिरुद्धको अभियान विषयमा प्रशिषण दिनुभएको थियो । सो कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष ईश्वरबहादुर सिंहले अभियानको सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बरिष्ठ उपाध्यक्ष मिलनबाबु नेपाल, महासचिव सुदिन केसी लगातयत पदाधिकारीहरुको उपस्थिति रहेको थियो ।


# नेपाल राष्ट्रिय कर्मचारी संगठनको १७ औं वार्षिकोत्सव सम्पन्न




**काठमाडौं, २१ पुस**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको १७ औं वार्षिकोत्सव कार्यकम चाँगुनारायण, भक्तपुरमा प्रशिक्षण तथा शुभकामना आदनप्रदान सहित सम्पन्न भएको छ । संगठनका अध्यक्ष दिपेन्द्र कार्कीको सभापतित्वमा भएको कार्यक्रम नेपाल राष्ट्रिय कर्मचारी महासंघका अध्यक्ष मणिरत्न श्रेष्ठको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । कार्यक्रममा महासंघका अध्यक्ष मणिरत्न श्रेष्ठले बैंकमा ट्रेड युनियको औचित्यता तथा आगामी दिनमा संस्थामा युनियनले खेल्नु पर्ने भूमिकाका सम्बन्धमा प्रशिक्षणमुलक धारणा व्यक्त गर्नुभएको थियो । कार्यक्रममा बैंक सेवाबाट सेवा निवृत्त भई भएका संगठनका पूर्व उपाध्यक्ष सुजित स्थापितलाई विदाई गरिएको थियो । कार्यक्रममा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनाल, विभागीय प्रमुख ब्रजमोहन अधिकारी, केन्द्रीय समिति सल्लाहकार संयोजक महेन्द्रमान गुरुङ्ग, पूर्व अध्यक्षहरु, पूर्व पदाधिकारीहरु, केन्द्रीय समितिका पदाधिकारीहरु, बागमती प्रदेशका पदाधिकारी तथा सदस्यहरु, शाखा प्रबन्धकहरु, सहायक शाखा प्रबन्धकहरुको उपस्थिति रहेको थियो । सो कार्यक्रम महासचिव उभार पाण्डेले संचालन गर्नुभएको थियो । साथैं, मधेश प्रदेश र कर्णाली प्रदेश समितिले समेत विभिन्न कार्यक्रम गरी १७ औं वार्षिकोत्सव सम्पन्न गरेको छ ।

# संघको लक्ष्ययात्रा–२०७९ विमोचन




**काठमाडौं, २९ पुस**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालको मुखपत्र लक्ष्ययात्रा २०७९ एक समारोहका बीच विमोचन गरिएको छ । बैंक, बीमा तथा वित्तीय क्षेत्र कर्मचारी संघ, विफु नेपालका राष्ट्रिय अध्यक्ष तथा रा.वा.बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेयले संयुक्त रुपमा विमोचन गर्नुभएको लक्ष्ययात्रामा शुभकामना, अन्तरवार्ता, आर्थिक, बैंकिङ्ग, वित्त, व्यवस्थापन, सुचना प्रविधि सम्बन्धी लेख, संघको सांगठानिक गतिविधि, कार्ययोजना, राविया रिलिफ फण्डबारे जानकारी समावेश गरिएको महासचिव रविन्द्रप्रसाद चौलागाईंले बताउनुभयो ।

# राष्ट्रिय वाणिज्य बैंकले पायो 3rd Best Managed Commercial Bank 2022 अवार्ड




**काठमाडौं, २९ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले काठमाडौंमा सम्पन्न भएको एशियन पेन्ट्स "न्यू बिज बिजनेश कन्क्लेभ एण्ड अवार्डस्" कार्यक्रममा 3rd Best Managed Commercial Bank Of The Year 2022 अवार्ड प्राप्त गरेको छ। सो अवार्ड बैंकको तर्फबाट बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले ग्रहण गर्नुभएको थियो।

अर्थमन्त्री माननीय जनार्दन शर्माले उद्घान गर्नुभएको कार्यक्रममा नेपाल राष्ट्र बैंकका पहिलो गभर्नर हिमालयन शम्शेर राणालाई व्यवसायिक क्षेत्रमा पुऱ्याएको योगदानको कदर गर्दै लाइफ टाइम एचिभमेन्ट इन बिजनेश लिडरशिप अवार्ड प्रदान गरिएको थियो। सन् २०१३ देखि न्यू बिनेश एज प्रालिले व्यवसायिक संस्थाहरुको गरेको विभिन्न व्यवसायिक कार्य प्रगतीको आधारमा अवार्डस् प्रदान गर्दै आइरेको आयोजकले बताएको छ।

# बैंक व्यवस्थापन र ट्रेड युनियन बीच सहमती



**काठमाडौं, १८ मंसीर**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड व्यवस्थापन समक्ष कर्मचारीहरुको तर्फबाट बैंकभित्र क्रियाशील ट्रेड युनियनहरु रा.वा.बैंक कर्मचारी संघ नेपाल, नेपाल वित्तीय संस्था कर्मचारी संघ, रा.वा. बैंक, नेपाल राष्ट्रिय कर्मचारी संगठन, रा.वा. बैंकले राखेका मागदावी उपर वार्ता सम्पन्न भएको छ। २०७९ मंसीर १८ गते व्यवस्थापन र तीन वटा ट्रेड युनियनहरु बीच सहमती पत्रमा हस्ताक्षर भएको छ।

# समवेदना

यस बैंकका के.का. संस्थागत, साना तथा मझौला कर्जा विभागकी विभागीय प्रमुख सोनी श्रेष्ठ (११२१९) का पति प्रकाश अमात्य, के.का. आन्तरीक लेखा परीक्षण विभागका विभागीय प्रमुख भोलानाथ पौडेल (१११९५) का माता रुक्मीणा पौडेल, शा.का. ललितपुरमा कार्यरत सहायक प्रबन्धक स्नेहलता ठाकुर (१००९८) का ससुरा दुखमोचन झा, शा.का. पृथ्वीचोकमा कार्यरत कार्यालय सहयोगी विनु जलारी (१२४५२) की सासु मसिना पोडे, शा.का. लाहानमा कार्यरत बरिष्ठ सहायक लक्ष्मीप्रसाद न्यौपाने (११६४७) का पिता नरहरि न्यौपाने, शा.का. निजगढका कार्यरत निरज भट्टराई (१०८६९) का पिता विश्वराज प्रसाद भट्टराई, शा.का.भरतपुरका शाखा प्रबन्धक मनोजविलाश पन्त (११०८०) का माता इन्दिराकुमारी पन्त, के.का. सामान्य सेवा विभमगमा कार्यरत सवारी चालक बद्रि भुजेल (१०८४१) का पिता भीमबहादुर भुजेल, के.का. जोखिम व्यवस्थापन विभागमा कार्यरत सहायक प्रबन्धक सावित्रा आचार्य (१०८५१) की सासु शिवकुमारी खनाल, शा.का. भुरिगांउमा कार्यरत उपप्रबन्धक तुलबहादुर सुनार (११६१३) की माता खिन्तु सुनारको केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं।

राष्ट्रिय वाणिज्य बैंक लि. RASTRIYA BANIJYA BANK LTD. ...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि. परिवार**

Chief Advisor: Kiran Kumar Shrestha, CEO. Advisor: Debesh Prasad Lohani, DEO & Information Officer.
Assistant Editor: Ishwar Upreti
Published by: Rastriya Banijya Bank Ltd., Central Office, Chief Executive Officer's Office
Singhadurbar Plaza, Kathmandu, Ph: 4252595, Ext. 2423, E-mail: rbbnl@rbb.com.np
Printed at: Adarsha Chapakhana, Bhaktapur